# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स.२०८१/०८२ मिति:२०८१/०४/३०

सूचना नं - 90 "हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा"

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/३०)*

दिप्रुङ चुइचुम्मा गाउँपालिका, कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन, नेपाल सँगको लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको लागि तपसिल बमोजिमको पदमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र दरखास्त फाराम भर्न आह्वान गरिएको छ ।

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता | समावेशी (अपाङ्गता) | १ | ५००/- |

२. **सेवाको किसिमः** अस्थायी (करार सेवा)

३. **आवश्यक योग्यताः** (स्थानीय तहमा अपाङ्गता सहायता कक्षा सञ्चालन सम्बन्धी कार्यविधी, २०७९ बमोजिम
   - (क) नेपाली नागरिक,
   - (ख) अपाङ्गता भएका व्यक्ति,
   - (ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको,
   - (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

४. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. **उम्मेद्वारको छनोट विधिः** स्थानीय तहमा अपाङ्गता सहायता कक्षा सञ्चालन सम्बन्धी कार्यविधी, २०७९ बमोजिम ।

६. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** गाउँपालिकाको कार्यालयको प्रशासन शाखा ।

७. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** सानीमा बैक दिप्रुङ शाखामा गाउँपालिकाको आन्तरिक राजस्व खाता (G.A 1.1 ANTARIK RAJASHWA KHATA 071010040000014 ) मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ भौचर पेश गर्नुपर्ने छ।

८. **दरखास्त फाराम भर्ने मितिः** मिति २०८१/०४/३० गते देखी २०८१/०५/१२ सम्म।

९. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई हुनेछ ।

**(पुनश्चः सम्बन्धित स्थानीय तहको बासिन्दा, अपाङ्गतासँग सम्बन्धित कार्यअनुभव भएको, साङ्केतिक भाषाको तालिम तथा दोभासेको कार्य अनुभव भएको, कम्प्युटरको आधारभुत तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ । रित नपुगेको दरखास्त र प्रचलित कानुन बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।)**

[illegible]

(पिएस्पी चाम्लिङ राई)

नि. प्रमुख प्रशासकीय अधिकृत